# संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०६८

नेपाल राजपत्रमा प्रकाशित मिति

२०६८।५।१९

संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ७८ ले दिएको अधिकार प्रयोग गरी संविधानसभाले संविधानको धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा देहायको नियमावली बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०६८" रहेकोछ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ११९ मा संशोधन** : संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ११९ को,-

(१) उपनियम (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छ :-

"तर यस नियममा उल्लिखित कुनै कुराले संसदीय सुनुवाई गर्नु पर्ने कुनै पद रिक्त हुनुभन्दा पहिले नै नियुक्तिको प्रक्रिया प्रारम्भ गरी उक्त पदमा नियुक्तिको लागि सम्भाव्य उम्मेदवारको नाम प्रस्ताव गरी संसदीय सुनुवाईको लागि सम्बन्धित निकायबाट समितिमा पठाउन कुनै बाधा पारेको मानिने छैन ।"

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) उपनियम (१) बमोजिम प्राप्त नामावलीमाथि समितिले सम्बन्धित निकायबाट यस सम्बन्धी पत्र प्राप्त भएको मितिले पच्चिस दिनभित्र सुनुवाई गरी सम्बन्धित पदको लागि समितिको राय तयार गरी सम्बन्धित निकायमा पठाउनु

पर्नेछ । उक्त समयभित्र समितिले सम्बन्धित निकायमा आफ्नो राय उपलब्ध गराउन नसकेमा सुनुवाईका लागि पठाइएको पदमा प्रस्तावित व्यक्तिलाई नियुक्ति गर्न कुनै बाधा पर्ने छैन ।"

(३) उपनियम (४) मा रहेका "एकाउन्न प्रतिशत" भन्ने शब्दहरूको सट्टा "एकतिहाई" भन्ने शब्द राखिएको छ ।

(४) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छ :-

"(५) उपनियम (१) बमोजिम प्राप्त सम्भाव्य उम्मेदवारको नाम समितिको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतबाट अस्वीकृत नभएमा अनुमोदन भएको मानिनेछ ।

तर कुनै सम्भाव्य उम्मेदवारको नाम समितिको सम्पूर्ण सदस्य संख्याको दुईतिहाई बहुमतबाट अस्वीकृत भएमा समितिले सुनुवाईको लागि प्राप्त नामको सम्बन्धमा समितिमा भएको कारवाही, समितिलाई प्राप्त कागजात तथा अन्य विवरण यथाशीघ्र सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्नेछ । तत्पश्चात् सम्बन्धित निकायले उक्त प्रस्तावित पदमा अर्को व्यक्तिको नाम प्रस्ताव गरी संसदीय सुनुवाईका लागि समितिमा पठाउनु पर्नेछ ।"

नेपाल कानून आयोग